थापाथली, काठमाडौं
फोन नं. : ४१०१७३४
फ्याक्स : ९७७ १ ४२४१२७
E-mail : nrbcmd@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ३५९

# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

पत्र संख्या. : मु. नो.ले१७८।०७० ।७१

मिति :– २०७१।०३।३०

श्री “क” वर्गका ईजाजतपत्र प्राप्त बाणिज्य बैंकहरु,

बिषयः-नोटकोष कारोवारमा थप व्यवस्था भएको सम्बन्धमा ।

महाशय,

नोटकोष कारोवारलाई सुव्यबस्थीत, सहज र सुरक्षित बनाउने सन्दर्भमा नेपाल राष्ट्र बैंक नोटकोष संचालन निर्देशिका, २०६७ (दोश्रो संशोधन २०७०) को दफा नं. १३ को अधिनमा रही देहायको निर्देशन जारी गर्ने निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

१. त्यस बैंकका के कति शाखा कार्यालयले हालसम्म कुन कुन नोटकोषवाट नोटकोष सुविधा लिईरहेका छन् सो को एकिन बिवरण २०७१ श्रावण १५ गते भित्र मुद्रा व्यवस्थापन बिभागमा उपलव्ध गराउनु हुन ।

२. नोटकोषमा पहुंच प्राप्त बाणिज्य बैंकहरुले आफुसंग बढी भएको रकम नोटकोषमा जम्मा गर्न फण्ड ट्रान्सफर गर्दा तथा आफुलाई रकमको आवश्यकता परी नोटकोषवाट भुक्तानी लिने प्रयोजनको लागि आफुले कारोवार गर्ने नोटकोष कार्यालयमा सून्य मौज्दातमा खाता संचालन गर्नुपर्ने ।

३. नोटकोषमा पहुंच प्राप्त बैंकहरुले आफुलाई के कति रकमको आवश्यक परेको हो सो को व्यहोरा खुलाई नोटकोष कार्यालयमा खाता संचालकले दस्तखत गरेको लिखित पत्र सहित बैंकद्वारा खटाई पठाइएको आधिकारिक व्यक्ति स्वयं उपस्थित हुनुपर्ने ।

४. नोटकोष कार्यालयले रकम माग गर्ने बैंकको पत्र उपर आधिकारीकता पुष्टि गरी आधिकारीक व्यक्तिको पहिचान एवं खाता संचालकको दस्तखत प्रमाणीत गरी नोटकोषवाट रकम भुक्तानी दिनु पर्ने ।

५. हरेक बर्षको अर्ध वार्षिक र वार्षिक हिसाव मिलानको अन्तिम महिनाको २५ गते देखि सोही महिनाको मसान्तसम्म नोटकोषमा रकम झिक्ने तथा राख्ने कार्य स्थगित गर्नु पर्ने व्यवस्था रहि आएकोमा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा पौष मसान्तमा अर्ध वार्षिक हिसाव मिलानको दिन कारोवार वन्द नहुने र सरकारी भुक्तानीमा अझ बढी चाप पर्न जाने देखिएको हुंदा पौष महिनाको २५ गते देखि ऐ मसान्तसम्म निरन्तर नोटकोष कारोवार संचालन गर्न दिने र वार्षिक हिसाव मिलान आषाढ महिनामा गरिएको व्यवस्था यथावत राख्ने ।

६. नोटकोष कार्यालयमा फण्ड जम्मा गर्न ल्याउंदा वा फण्ड माग गर्न आउने बैंकले फण्ड ट्रान्सफर गर्ने कार्यमा लाग्ने सुरक्षा,वीमा, यातायात र कर्मचारीको आवश्यक व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

७. नोटकोषमा रकम राख्दा र झिक्दा लिइने कमिशनको हकमा नोटकोष संचालन गर्न तोकिएको वाणिज्य बैंक र नोटकोष उपभोग गर्ने बैंकको आ-आफ्नो बैंकर एसोसिएशन मार्फत हुने व्यवस्था यथावत राख्ने ।

थापाथली, काठमाडौं
फोन नं. : ४१०१७३४
फ्याक्स : ९७७ १ ४२४२१२७
E-mail : nrbcmd@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ३५९

# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग

८. नोटकोष कारोवार सम्बन्धी अन्य व्यवस्था नोटकोष संचालन निर्देशिका, २०६७, (दोश्रो संशोधन,२०७०) बमोजिम यथावत रुपमा संचालन गर्ने ।

भवदीय,

(वसन्त बहादुर शाक्य)
का.मु. कार्यकारी निर्देशक

बोधार्थ: तथा कार्यार्थ:

१) श्री कृषि विकास बैंक, रामशाह पथ, काठमाडौं ।
२) श्री नविल बैंक लि. दरवारमार्ग, काठमाडौं ।
३) श्री नेपाल इन्भेस्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाडौं ।
४) श्री स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लि., नयां वानेश्वर ।
५) श्री हिमालयन बैंक लि., कमलादी काठमाडौं ।
६) श्री एस.बि.आई. बैंक.लि., हात्तिसार, काठमाडौं ।
७) श्री नेपाल बंगालादेश बैंक.लि.कमलादी, काठमाडौं ।
८) श्री एभरेष्ट बैंक.लि. लाजिम्पाट, काठमाडौं ।
९) श्री बैंक अफ काठमाडौं, कमलादी, काठमाडौं ।
१०) श्री एन.सि.सि. बैंक.लि. वागबजार, काठमाडौं ।
११) श्री लुम्बिनी बैंक.लि. नक्साल, काठमाडौं ।
१२) श्री एन.आइ.सी. एसिया बैंक, थापाथली, काठमाडौं ।
१३) श्री माछापुच्छ्रे बैंक.लि. लाजिम्पाट, काठमाडौं ।
१४) श्री कुमारी बैंक.लि. दरवारमार्ग, काठमाडौं ।
१५) श्री लक्ष्मी बैंक लि. हात्तिसार, काठमाडौं ।
१६) श्री सिद्धार्थ बैंक .लि., हात्तिसार, काठमाडौं ।
१७) श्री ग्लोवल आइ.एम.ई.बैंक लि. पानीपोखरी, काठमाडौं ।
१८) श्री सिटिजन्स बैंक इण्टरनेशनल लि., कमलादी, काठमाडौं ।
१९) श्री प्राईम कर्मशियल बैंक लि., न्यूरोड, काठमाडौं ।
२०) श्री सनराईज बैंक लि. ग्रैह्विधारा, काठमाडौं ।
२१) श्री ग्राण्ड बैंक लि. कमलादी, काठमाडौं ।
२२) श्री एन.एम.वि. बैंक, बवरमहल, काठमाडौं ।
२३) श्री किष्ट बैंक.लि. अनामनगर, काठमाडौं ।
२४) श्री जनता बैंक लि., नयां वानेश्वर, काठमाडौं ।
२५) श्री मेघा बैंक.लि., कान्तिपथ, काठमाडौं ।
२६) श्री सिभिल बैंक लि., कमलादी, काठमाडौं ।
२७) श्री सेन्चुरी कमर्शियल बैंक लि. पुतलीसडक, काठमाडौं ।
२८) श्री सानिमा बैंक.लि. नागपोखरी, काठमाडौं ।